विवाहलगायत अन्य भोजभतेरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

epratekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ फागुन ०१ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 13 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६९

## लोकतन्त्र स्थापनापछि पत्रकार पनि पूर्णरूपमा स्थापित -सहमहामन्त्री मन्सुर

प्रस, सिम्रौनगढ, २९ माघ/

नेपाली काङ्ग्रेसका सहमहामन्त्री फरमुल्लाह मन्सुरले लोकतन्त्र स्थापित भएपछि पत्रकार पनि पूर्णरूपमा स्थापित भएको बताएका छन् ।


तस्वीर: प्रतीक

नेपाल प्रेस युनियन, बाराको १७औं साधारणसभाको सिम्रौनगढमा शनिवार उद्घाटन गर्दै प्रमुख अतिथि नेकाका सहमहामन्त्री मन्सुरले पत्रकारिता जिम्मेवारीपूर्ण पेशा भएको र समाजका हरेक कुरालाई उजागर गर्नुपर्ने दायित्व रहेको बताए। उनले लोकतन्त्रलाई बलियो बनाउने कार्यमा पत्रकारको भूमिका अहम् हुने जिकिर गरे ।

नेता मन्सुरले सिम्रौनगढ स्वतन्त्रता सेनानीको गढ पनि भएको र पर्सा, बारा, रौतहटका स्वतन्त्रता सेनानीको प्रशिक्षण केन्द्र भएको जिकिर गरे ।

उनले स्वतन्त्रता सेनानीहरूको लुक्ने स्थल झरोखर पोखरी भएकोले प्रजातान्त्रिक आन्दोलनको लडाइँमा झरोखर पोखरीको योगदान ठूलो भएको बताए। संविधानसभा सदस्य डा शोभाकर पराजुलीले सिम्रौनगढ प्रसिद्ध ऐतिहासिक, पर्यटकीय स्थल भएको बताए। उनले ललितकला, वास्तुकलाका बिजोड नमूनाहरू सिम्रौनगढमा भएपनि त्यसको संरक्षण र संवर्द्धन नभएको चर्चा गरे ।

उनले सिम्रौनगढको विकास र पहिचानको सवालमा सरोकारवालाहरू सबैले ध्यान दिनुपर्ने बताए। डा पराजुलीले एमसिसीको बारेमा विरोध र समर्थन गर्नुपर्ने थलो संसद् भएको तर संसद् चल्न नदिएको भन्दै एमालेको आलोचना गरे ।

बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले पत्रकारहरूलाई सरोकारवालाहरूको सवालमा उनीहरूको कुराहरू पनि राखेर समाचार लेख्न सुझाए। उनले प्रशासन र पत्रकार सबै मिलेर जानुपर्ने र दुवै जनताको सेवक भएको चर्चा गरे ।

कार्यक्रममा पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका बाराका छजना पत्रकार उमेशलाल दास, सत्यप्रसाद श्रेष्ठ, रामेश्वर मेहता, सुजित अर्याल, भोजराज भट्टराई र रेशम तिवारीलाई प्रमुख अतिथि नेता मन्सुरले दोसल्ला ओढाएर सम्मान गरेका थिए । प्रेस युनियन बाराका अध्यक्ष श्यामबाबूप्रसाद यादवको अध्यक्षतामा भएको कार्यक्रममा नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दास, नगरप्रमुख विजयशङ्कर यादव, पत्रकार महासङ्घ बाराका अध्यक्ष रेशम तिवारी, पूर्वअध्यक्ष गुरुप्रसाद गौतमलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा बाराका प्रहरी नायब उपरीक्षक राजेश थापा, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र लामा, अनुसन्धान प्रमुख सन्तोष ढुङ्गेल, नेका मधेस प्रदेश सदस्य उपेन्द्र जयसवाल, मोहनप्रसाद कुशवाहा, नेका सिम्रौनगढ नपाका सभापति नागेन्द्रप्रसाद गुप्तालगायतको सहभागिता थियो । कार्यक्रममा वसन्त खतिवडाले स्वागत र प्रेस युनियन बाराका सचिव सजिर मन्सुरले सहजीकरण गरेका थिए ।

## गोतामे पुरस्कार सप्तरीका बैधनाथ झालाई

प्रस, वीरगंज, २९ माघ/

पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानको शनिवार बसेको बैठकले यस वर्षको वीरगंजका पत्रकार गोतामे पत्रकारिता पुरस्कार २०७८ सप्तरीका पत्रकार बैधनाथ झालाई दिने निर्णय गरेको छ ।

शनिवार प्रतिष्ठानका अध्यक्ष जगदीशप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न साधारणसभाले एक तोला सुनबराबरको यस वर्षको गोतामे पत्रकारिता पुरस्कार झालाई दिने निर्णय गरेको प्रतिष्ठानका सचिव हिमालचन्द्र गौतमले बताए । विगत १० वर्षयता मोफसलमा पत्रकारिता गर्ने उत्कृष्ट पत्रकारमध्ये एकजनालाई हरेक वर्ष पुरस्कार दिँदै आइएको छ।

शुरूमा १० हजार राशिबाट शुरू भएको यो पुरस्कार पछिल्लो केही वर्षदेखि एक तोला सुनको तक्मामा परिणत भएको छ।

यो पुरस्कार पत्रकार गोपालचन्द्र गौतमको फागुन २ गते पर्ने स्मृति दिवसमा नेपाल पत्रकार महासङ्घ, पर्साको सभाहलमा कार्यक्रम आयोजना गरी वितरण गर्ने प्रतिष्ठानका कोषाध्यक्ष शत्रुघ्न नेपालले जानकारी गराए ।

## ठोरीका शिक्षकहरुको तालीमको रेकर्ड कलैया तालीम केन्द्रमा भेटिएन, बढुवा फाराम भर्न तनाव

प्रस, परवानीपुर, २९ माघ/

शिक्षक सेवा आयोगले सरकारी शिक्षकहरूलाई बढुवा गर्न आगामी फागुन ११ गतेसम्म एकल दस्तुर र फागुन १८ गतेसम्म दोहोरो शुल्क लिएर फाराम भर्न आह्वान गरेको छ । तर पर्साका केही शिक्षकले विगतमा गरेका तीन चरणको टिपिडी तालीमको प्रमाणपत्र नपाउँदा तनाव सिर्जना भएको बताएका छन् ।

पर्साको ठोरी तथा अन्य केही पालिकामा कार्यरत शिक्षकहरूले विगतमा गरेका तालीमको प्रमाणपत्र हातमा नपर्दा अहिले फाराम भर्न तनाव भएको गुनासो गरेका छन्। बढुवाको लागि शतप्रतिशतमा ७५ प्रतिशत कार्यसम्पादनको आधारमा र २५ प्रतिशत सिटमा आन्तरिक प्रतिस्पर्धाबाट बढुवा गर्ने नियम छ । कार्यसम्पादनलाई फाइल बढुवा पनि भनिन्छ ।

त्यसमा तालीम लिएको प्रमाणपत्रबापत तीन अङ्क दिइन्छ। त्यसै कारण पर्साका सयौं शिक्षकलाई तनाव भएको बताइएको छ। ठोरीको सरस्वती माविका प्रधानाध्यापक केशव रेग्मीका अनुसार सङ्घीयता लागू हुनुभन्दा पहिले हरेक जिल्लाका स्रोत केन्द्रले शिक्षकलाई तीन चरणको पेशागत विकास तालीम (टिपिडी) दिन्थ्यो ।

तर स्रोत केन्द्रमा तत्कालीन जिल्ला शिक्षा कार्यालय वा शैक्षिक तालीम केन्द्र, वीरगंजले हालको प्रदेशको एकमात्र कलैयाको तालीम केन्द्रमा कागजात नपठाउँदा प्रमाणपत्र नपाएर समस्या भएको शिक्षकहरूले बताएका छन् ।

पर्सा, बहुदरमाई नपामा सञ्चालित देवनन्दन देवराज नमूना माविका प्रअ मनोजकुमार श्रीवास्तवका अनुसार स्थानीय तह भएपछि वीरगंजको बिर्तास्थित शैक्षिक तालीम केन्द्र वीरगंज महानगरको स्वामित्वमा आएपछि कर्मचारीहरूले कागजात पठाउन आनाकानी गरेका छन्। उनले केही शिक्षकको कागजात सरोकारवाला निकायबाट शैक्षिक तालीम केन्द्र, कलैयाले लगेर तत्कालीन शिक्षा विभाग हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्र, काठमाडौंमा पठाएको र उताबाट तीनवटै तालीमका प्रमाणपत्र कोडिङ भएर आएपछि प्रदान गर्ने शैक्षिक तालीम केन्द्र, कलैयाका प्रमुख महेन्द्र महतोले जानकारी गराए ।

तत्कालीन जिल्ला शिक्षा कार्यालय र विभिन्न जिल्लामा सञ्चालित क र ख वर्गका तालीम केन्द्रहरूले कागजात नपठाउँदा यस्तो अवस्था आएको उनले स्वीकार गर्दै यदि कोही शिक्षकले शिक्षा विकास समन्वय एकाइ कार्यालयबाट तालीम गरेको प्रमाणित गराएर ल्याएको खण्डमा प्रमाणपत्र उपलब्ध गराउने उनले बताए।

शिक्षकहरूको पेशागत तालीम तीन चरणमा भएको र प्रावि शिक्षकलाई स्रोत केन्द्रबाट प्रमाणपत्र दिइन्थ्यो भने मावि र निमावि तहका शिक्षकहरूलाई तालीम केन्द्रले दिने गरेको थियो ।

हाल तीनै चरण पूरा गरेका शिक्षकहरूको त्वम् एकीकृत प्रमाण मधेस प्रदेशको शैक्षिक तालीम केन्द्रले दिँदै आएकोमा ठोरी स्रोत केन्द्रभरिका तीनै चरण तालीम सम्पन्न गरेका अधिकांश शिक्षकको तालीम केन्द्र, कलैयामा रेकर्ड नभएको र एकीकृत प्रमाणपत्र पाउन नसकेका छैनन् ।

तत्कालीन स्रोत व्यक्ति छोटेलाल साहले आफूले दिएको तालीमको सबै अभिलेख तत्कालीन जिशिका, पर्सामा बुझाएको र तालीम केन्द्र, कलैयामा पठाउने काम आफ्नो नभएको बताए। हाल प्राशि द्वितीय र प्रथम श्रेणीमा बढुवाको विज्ञापन भएकोले ठोरीका दर्जनौं शिक्षकको कार्यसम्पादनका आधारमा बढुवा हुन उक्त तालीमको एकीकृत प्रमाणपत्र नहुँदा पछि पर्न सक्ने सम्भावना रहेको छ । उक्त प्रमाणपत्रबापत तीन अङ्क निर्धारण गरिएको छ ।

## नगरप्रमुखको कार्यक्रममा विरोध प्रदर्शन

प्रस, वीरगंज, २९ माघ/

जनता समाजवादी पार्टीका नेता, कार्यकर्ताहरूले वीरगंजका प्रमुखविरुद्ध प्रदर्शन गरेका छन् ।


तस्वीर: प्रतीक

वीरगंज-१५ लक्ष्मनवास्थित स्वास्थ्य चौकी उद्घाटन गर्न गएको बेला नगरप्रमुख विजयकुमार सरावगीविरुद्ध प्रदर्शन भएको हो। उपेन्द्र यादव सङ्घीय सरकारको स्वास्थ्यमन्त्री हुँदा पार्टीको पहलमा आएको बजेटबाट निर्मित स्वास्थ्य चौकीको उद्घाटन कार्यक्रममा नगरप्रमुख सरावगीले कार्यकर्ताहरूलाई बाइपास गरेको आरोप लगाउँदै विरोध जनाइएको जसपाका कार्यकर्ताहरूले बताएका छन् । विरोधमा उत्रेका कार्यकर्ताहरूले नगरप्रमुख सरावगीलाई स्वास्थ्य चौकीको मूल गेटमैं रोकेका थिए । त्यहाँ केहीबेर नगरप्रमुख पक्षका नेता, कार्यकर्ता र विरोध प्रदर्शन गर्नेहरूबीच तानातानसमेत भएको थियो ।

तानातानकै बीच सुरक्षाकर्मीहरूले नगरप्रमुख सरावगीलाई भित्र प्रवेश गराएका थिए । त्यसपछि विरोध प्रदर्शनमा उत्रेका कार्यकर्ताहरूले विभिन्न नारा लगाउँदै विरोध जनाएका थिए । नगरप्रमुख सरावगीले पार्टीभित्रका उच्छृङ्खल तत्त्वहरूले आफूविरुद्ध सुनियोजित ढङ्गले विरोध कार्यक्रम राखेको बताए ।

## कोल्हवीमा राहत सामग्री सहयोग

प्रस, परवानीपुर, २९ माघ/

बाराको कोल्हवी नगरपालिका वडा नं ४ मा जाडोयामका राहत सामग्री वितरण गरिएको छ ।


तस्वीर: प्रतीक

गोर्खा वेलफेयर ट्रस्ट, नेपाल उत्थानशील खानेपानी सरसफाइ तथा विपत् तयारी कार्यक्रम, पोखराको आयोजनामा गरीब विपन्नहरूलाई राहत सामग्री वितरण गरिएको थियो । कार्यक्रममा सो वडाका २१४ घरपरिवारलाई साबुन, सर्जिकल मास्क, कम्बल, डसना वितरण गरिएको थियो ।

कोल्हवी नगरपालिकाका प्रमुख भरतबहादुर भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा वडा नं ४ का अध्यक्ष भेषबहादुर ढकाल, गोर्खा वेलफेयर ट्रस्ट नेपालका प्रीतम थापा, विद्यालय व्यवस्थापन समिति, सपहीका अध्यक्ष तपेश्वरराय थारू, वडा नं ४ की सदस्य कालिका विक, कोपिला भण्डारी, देवकान्त चौधरी, रामवृक्ष चौधरीलगायतको सहभागिता थियो ।

सोही अवसरमा सो वडामा सञ्चालनमा आउन लागेको खानेपानी आयोजनाले ६५१ घरपरिवारलाई खानेपानीमा पहुँच बढाउन योजना सफल हुने बताइएको थियो ।

## छोटकरी

### युवकको शव बरामद

प्रस, वीरगंज, २९ माघ/

वीरगंज महानगरपालिका-१ स्थित छपकैयाको श्रीसिया खोलामा एकजना युवकको शव बरामद भएको छ ।

प्रहरीले वीरगंज महानगर-१ श्रीसिया खोलामा बरामद भएको शव सोही ठाउँ निवासी २७ वर्षीय साहेब मियाँ ठकुराईको भएको बताएको छ ।

प्रहरीले शवलाई शल्यपरीक्षणको लागि नारायणी अस्पतालमा पठाएको र घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

## वीरगंजमा वृद्ध सङ्क्रमितको मृत्यु

प्रस, वीरगंज, २९ माघ/

वीरगंजमा एकजना ७५ वर्षीय कोरोना सङ्क्रमितको मृत्यु भएको छ।

वीरगंज-२० अपौनी निवासी ७५ वर्षीय वृद्धको शुक्रवार साँझ साढे ७ बजे मृत्यु भएको नारायणी अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले जानकारी गराए ।

कोभिड संयोजक डा सिंहका अनुसार ती वृद्धको बिहीवार गरिएको एन्टिजेन परीक्षणमा कोरोना पोजेटिभ देखिएको थियो ।

कोरोना पोजेटिभ देखिएपछि बिहीवार नै वीरगंज बिर्तास्थित एडभान्स हस्पिटलमा भर्ना भएका वृद्धलाई नारायणी अस्पतालमा रिफर गरिएको थियो । उनी मिर्गौलासम्बन्धी दीर्घरोगीसमेत थिए ।



## विचारसार र सूक्तिहरू

**नारीविना पुरुषको बाल्यवास्था असहाय हुन्छ, युवावस्था सुखरहित हुन्छ र वृद्धावस्था सान्त्वना दिने सच्चा र वफादार साथीबाट रहित हुन्छ । –जौन**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# दर्दनाक दुर्घटनाको डिलमा अर्थतन्त्र

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**एकातिर सरकारले बजेट कार्यान्वयन गर्न सकेको छैन । आयका स्रोत र खर्चका उपक्रमहरूबीच व्यापक विरोधाभास छ । खर्च र आयको असन्तुलनले अर्थतन्त्र सङ्कटउन्मुख भइराखेको छ । सरकारी खर्च प्रभावकारी हुन नसक्दा त्यसको प्रभाव वित्तीय क्षेत्रमा पनि पर्ने नै भयो ।**

सरकारले चालू आर्थिक वर्ष २०७८/७९ को बजेटको अर्धवार्षिक समीक्षा गर्दै यसको आकार घटाएको छ। यसो त आर्थिक वर्षको शुरूमा ठूलो आकारको बजेट ल्याउने र स्रोत व्यवस्थापनको आधार कमजोर देखिएपछि घटाउने प्रवृत्ति नौलो होइन। बजेट व्यवस्थापनमा यो औसत अभ्यासको रूपमा स्थापित भइसकेको छ। अहिलेका अर्थमन्त्री जनार्दन शर्माले त्यही प्रवृत्तिलाई दोहोऱ्याएका मात्रै हुन्, उनी अपवाद राजनीतिक पात्र पनि होइनन् ।

चालू आर्थिक वर्षका लागि तत्कालीन अर्थमन्त्री विष्णु पौडलले १७ खर्ब रुपैयाँको बजेट ल्याएका थिए। वर्तमान गठबन्धन सरकारले प्रतिस्थापन विधेयकमार्फत बजेटलाई संशोधन गरी १६ खर्ब ३२ अर्ब रुपैयाँमा खुम्च्याएको थियो। तर अर्थमन्त्री शर्माले आफैंले संशोधन गरेर घटाएको बजेटलाई अर्धवार्षिक समीक्षामा पुनः घटाएर १५ खर्ब ४६ अर्बमा झारेका छन्। त्यसमा पनि चालू खर्चको तुलनामा विकास खर्च बढी कटौती भएको छ।

चालू खर्चतर्फ तीन प्रतिशत बजेट घट्दा विकास बजेट १० प्रतिशतले कटौती गरिनुले सरकारले खर्च क्षमतामा भइराखेको आलोचनाबाट जोगिने प्रयास बुझ्न सकिन्छ। पूँजीगत बजेट खर्च गर्न नसकेकोमा आलोचना खेपिराखेको सरकारले यस्तो बजेटको आकार घटाएको छ । सरकारको खर्च हेर्दा चालूतर्फ लक्ष्य अनुसारै देखिन्छ। विकास बजेट खर्च भने ज्यादै न्यून छ। आर्थिक वर्षको पहिलो छ महीनामा पाँच खर्ब सात अर्ब मात्रै बजेट खर्च भएको तथ्याङ्क सरकारसित छ। जसमध्ये पूँजीगत खर्च १६ दशमलव ३९ प्रतिशत मात्रै भएको छ । यो प्रवृत्ति लामो समयदेखि देखिंदै आएको छ। अर्कातिर सरकारको राजस्व लक्ष्य पूरा हुने भएको छ। यो वर्ष बजेटको आकार घटाए पनि सरकारले राजस्व भने लक्ष्य अनुसार नै उठाउने दाबी गरेको छ। ११ खर्ब ८० अर्ब राजस्व सङ्कलनको लक्ष्य राखिएको छ। यस्तो सम्पूर्ण रकम चालू खर्चमा जाने गरेको छ । विकास बजेट ऋण र अनुदानको भरमा टिकेको छ। ऋण र अनुदानको रकम खर्च हुन नसकेर समस्या भइराखेको छ। जनताले तिरेको करको रकम सेवा सुविधामा खर्च गरेर विकासको अनुभूति दिने योजनाको बजेट भने खर्च गर्न नसक्नु राज्यको स्रोतको दुरुपयोग मात्र होइन, जनतामाथिको चरम शोषण हो।

एउटा समान्य घर चलाउन त मानिसले आय र खर्चको यथार्थ आधारमा योजना बनाउँछ भने देश चलाउने खर्चको अनुमान हचुवा पारामा चलेको छ। प्रत्येक वर्ष ठूलो आकारको बजेट बनाउने र वर्षको मध्यान्तरमा मिलाउने परिपाटी यही आलोकाँचो शैली प्रतिफल हो। ठूलो आकार र महत्त्वाकाङ्क्षी बजेट बनाउने र अर्धवार्षिक समीक्षामा त्यसको आकार घटाउने प्रवृत्ति नेपाली बजेटको विशेषता नै हो कि जस्तो लाग्दछ। नेपालको बजेट प्रणाली, सरकारी संयन्त्र र यसको नेतृत्व गरिराखेको राजनीतिक नेतृत्व निकम्मा भएको भान हुन्छ । जतिसुकै बलियो सरकार भएपनि यो समस्या दोहोरिइराखेको छ। यसको नियन्त्रणमा राजनीतिक नेतृत्व पूर्ण असफल बन्दै छ ।

केही वर्षअघि सरकारले बजेट खर्च प्रभावकारी बनाउन बजेट खर्चका आधारमा प्रोत्साहन र दण्डको व्यवस्था गरिने बताएको थियो। तर त्यो व्यवस्था घोषणामैं सीमित भयो । कर्मचारीलाई कारबाही गर्दा त्यसको नैतिक जिम्मेवारी नेतृत्वले पनि लिनुपर्ने भएपछि त्यो नीति थन्किएको हुन सक्छ। त्यतिमात्रै होइन, बजेट कार्यान्वयनमा ढिलासुस्ती नहोओस् भनेर संविधानमैं जेठ १५ भित्र सङ्घीय बजेट ल्याउने व्यवस्था गरियो। प्रक्रिया बदलियो, तर प्रवृत्ति उस्तै रहँदा आज पनि बजेट कार्यान्वयनमा सुधार आउन सकेको छैन। यसबाट बजेटमा देखिएको पुरानो रोग जस्ताको त्यस्तै छ। सुधारको कुनै सङ्केत देखा परेको छैन।

कुनै पनि सरकारले बजेट कार्यान्वयनका कमजोरी के हुन् ? किन बजेट खर्च हुन सकेन भन्नेजस्ता विषयमा वस्तुनिष्ट समीक्षा गरेको देखिएन। प्रत्येक बजेट वक्तव्यमा कार्यान्वयनमा देखिएका समस्यालाई कर्मकाण्डीरूपमा दर्शाउने गरिए पनि तात्त्विक समीक्षा र सुधारका कामलाई आवश्यक ठानिएको छैन । परिणाम, तहगत सरकारका लागि संविधानमैं बजेट ल्याउने दिन तोकिएर पनि बजेट खर्चका लागि आर्थिक वर्षको अन्त्यमा हतार हुने परिपाटीको अन्त्य हुने सङ्केत देखा परेको छैन।

प्रत्येकजसो बजेटमा वित्तीय अनुशासन र पारदर्शिताका कुरा भएपनि व्यवहारमा चरम अराजकता देखिएको छ। वर्षको अन्त्यमा जथाभावी रकमान्तर र खर्चले कदापि विकासको उद्देश्य पूरा हुन सक्दैन। यस्तो खर्चको कर्मकाण्डले अनावश्यक ठाउँमा बजेट खर्च हुने परिपाटीलाई निरन्तरता मात्र दिएको छैन, यसरी हुने अधिकांश बजेटमा भ्रष्टाचार मौलाउने स्पष्ट छ । तहगत सरकार अभ्यासमा आएपछि जनताको अपेक्षा अनुसार विकास हुन्छ र त्यसको पहिलो शर्त सुशासन हुन्छ भन्ने थियो । आज पाइलैपिच्छे जनता भ्रष्टाचारको सामना गर्न बाध्य छ। जनतासँग सीधा सरोकार राख्ने स्थानीय तहमा समेत आज घूस नखुवाइ कुनै काम नहुने विडम्बनाले कस्तो विकास र सुशासनलाई सङ्केत गरिराखेको छ? समीक्षा गर्ने बेला भएको छैन ? तर सरकारले यसलाई प्राथमिक काम ठानेको छैन, किन ? यसमा नेतृत्वको नियममाथि आशङ्का गर्ने पर्याप्तै आधार निर्माण भइराखेका छन्।

सरकारले उठाएको कर र राजस्व प्रशासनिक खर्चमैं सकिएको छ । विकासका लागि ऋण र अनुदानको भरमा पर्नुपरेको छ । ऋण र अनुदान आज वर्षौंदेखि जीर्ण बनेका योजनामा खर्च भइराखेका छन्। यस्ता योजनाका कारण आज देशको सीमित स्रोतमा असीमित दबाब परेको छ। यी योजना आवश्यक छैनन् भन्न खोजिएको होइन। तर वर्षौंदेखि योजना पूरा नहुँदा लागत मात्र बढेको छैन, ढुकुटीमा अतिरिक्त भार थपिएको छ । यस्ता योजनामा कनिका छरेजस्तो बजेट विनियोजनले जनताका अन्य आधारभूत आवश्यकताको आपूर्तिसमेत प्रभावित भइराखेको छ ।

अपर्याप्त बजेटका कारण ठूला योजनाले प्रतिफल त दिन सकेका छैनन् नै, लामो समयसम्म योजना पूरा नहुँदा अब कतिपय यस्ता योजनाको औचित्य नै असान्दर्भिक भइसकेका छन्। हामीले हवाई यातायातका क्षेत्रमा २/३ दशकदेखि योजनामा राखेका क्षेत्रीय विमानस्थलको उपयोगितामा प्रश्न उठ्न थालिसकेको छ । कुनै पनि योजनाको सार्थकताका निम्ति समयसीमाले खास अर्थ राख्दछ। त्यो समयपछि त्यस्ता पूर्वाधारको सान्दर्भिकताको ओज खस्किंदै जान्छ।

हाम्रो नेतृत्व र राज्य संयन्त्रले यो तथ्यलाई बुझ पचाइराखेको छ।

अर्थमन्त्रीले बजेट समीक्षामा यो कुराको सङ्केत गरेका पनि छन्। योजनाको आर्थिक सम्भाव्यताभन्दा पनि नेताको आग्रह र लहडमा योजना छनोटको घातक प्रवृत्ति झाङ्गिएको छ । जनतालाई शुद्ध खानेपानी र औषधिमूलोको अभाव छ, नेता भने भ्यू टावरमा अर्बौं रुपैयाँ खन्याउने योजना ल्याउँछन्। यस्ता योजना स्रोत सुनिश्चित नहुँदै बजेटमा राखिन्छन्। राजनीतिक दबाबमा कार्यक्रम समावेश गरिन्छ । कार्यान्वयनका कानूनी र संरचनागत जटिलताका कारण सीमित बजेटको प्रभावकारी खर्च हुन सकेको छैन। सार्वजनिक खरीदसम्बन्धी कानूनको मौजुदा व्यवस्था र संशोधनका नाममा भइराखेका मिलेमतो पनि बजेट खर्च हुन नसक्नुको कारण हो। अर्थमन्त्री शर्माले हरेक महीना १० प्रतिशत पूँजीगत खर्च गरिने दाबी गरे पनि यो दाबीमा सरकार पूर्णतः असफल साबित भएको छ।

एकातिर सरकारले बजेट कार्यान्वयन गर्न सकेको छैन। आयका स्रोत र खर्चका उपक्रमहरूबीच व्यापक विरोधाभास छ। खर्च र आयको असन्तुलनले अर्थतन्त्र सङ्कटउन्मुख भइराखेको छ । सरकारी खर्च प्रभावकारी हुन नसक्दा त्यसको प्रभाव वित्तीय क्षेत्रमा पनि पर्ने नै भयो। अहिले लगानीयोग्य रकमको अभावमा सरकारको कमजोर खर्च क्षमता पनि एक मुख्य कारण मानिएको छ, हो पनि। सरकार खर्च क्षमता बढाउने र देशमैं उत्पादन तथा आय आर्जनका उपाय अभिवृद्धिको सट्टा व्यापार नियन्त्रणका टालटुले उपायमा उत्रिएको छ। बजेट निर्माण, विनियोजन, त्यसको कार्यान्वयनदेखि कुनै पनि आर्थिक समस्याको दीर्घकालीन दृष्टिकोणभन्दा अल्पकालीन उपायमा एकोहोरिने सरकारी शैलीले अर्थतन्त्रलाई गम्भीर दुर्घटनाको डिलमा पुऱ्याइसकेको छ। दुर्घटनाबाट जोगिन सुझबुझ अपनाउने कि अर्थतन्त्रलाई खाडलमा खसाल्ने ? प्रकारान्तरले यसमा पनि यही नेतृत्वको भर पर्नुपर्ने विडम्बना छ।

# सुगन्ध छर्ने उमेर–वृद्धावस्था

जसरी रूखमा फल पूर्णरूपले पाकेपछि मिठास तथा सौन्दर्य प्रदान गर्छ तथा प्रकृतिमा चारैतिर मनमोहक सुगन्ध छर्छ, त्यसै प्रकार जीवनको परिपक्व स्थिति अर्थात् वृद्धावस्था समाजलाई मिठास एवं प्रकाश प्रदान गर्नमा समर्थ हुन्छ। यो जीवनको एउटा यस्तो चरण हो, जुन प्रत्येक दृष्टिले सर्वोत्कृष्ट हुन्छ, तर दुर्भाग्यले वृद्धावस्थासँग जनमानस भयभीत रहन्छन् । के यो वास्तवमा भयावह स्थिति हो ? वृद्धावस्था त मनुष्यको लागि त्यो अनुभवरूपी वाद्ययन्त्रसमान हुन्छ, जुन हरेक समय मानसपटलमा आफ्नो मोहक धुन बजाइरहन्छ।

पाश्चात्य लेखिका सेनेकाले वृद्धको लागि एउटा उत्कृष्ट सल्लाह दिएकी छन्– वृद्धावस्थालाई अँगालो लगाऊ र माया गर। यस प्रकार गर्दा आनन्ददायी अनुभव हुन्छ। वृद्धावस्थातर्फ अग्रसर हुँदै जीवनका वर्ष मानवजीवनलाई अलौकिक सन्तुष्टि प्रदान गर्छ र म यो मान्छु कि यी वर्षहरू चरमसीमामा पुगेपछि पनि यसमा उत्तिकै आनन्द विद्यमान रहन्छ।

भारतवर्षका कुनै प्राचीन विचारकले भनेका थिए– मनुष्य चाँडै वृद्धावस्था एवं मृत्यु यस कारण प्राप्त गर्छ, किनभने उसले अरूलाई वृद्ध भएको एवं मृत्यु प्राप्त गरेको देख्छ। यस कथन वर्तमान वैज्ञानिक विश्लेषणको आधारमा सत्य सिद्ध भइसकेको छ । हार्वर्ड विश्वविद्यालयका विलियम जेम्सले भनेका थिए– यस सदीको सबैभन्दा ठूलो शोध यो भयो कि प्रत्येक व्यक्ति आफ्नो शक्तिबाट आफ्नो जीवनलाई स्वयनमद्वारा बनाइएको धारणाको आधारमा वास्तविक स्वरूपमा परिवर्तन गर्न सक्छ।

तपाईं वृद्धावस्थामा कहिले प्रवेश गर्नुहुन्छ ? यस सन्दर्भमा अधोनिर्दिष्ट सङ्केतमाथि मन्थन गर्न आवश्यक छ–

१) जब हामी स्वयम् यो मान्न लाग्छौं कि हामी बूढो हुँदैछौं अथवा जब हामी आफ्नो सपनालाई निकै पछाडि छाड्छौं।

२) जब हाम्रा आशाहरू कम हुन थाल्छन्।

अमेरिकामा न्यूजविक साप्ताहिकमा ३० जून १९५८ मा एउटा समाचार प्रकाशित भएको थियो, जसमा अजरबैजानका कृषक मोहम फिवाजोरले आफ्नो १५०औं वर्षगाँठ २३ जना केटाकेटी र कुल १५२ सदस्यहरूको परिवारसँग मनाएका थिए । यस्तो परिपक्वता एवं यति ठूलो कुटुम्ब त भाग्यशाली व्यक्तिले मात्र प्राप्त गर्छ। मेयो क्लिनिक मन्थली हेल्थ न्यूज लेटरले हालै यो प्रकाशित गरेको थियो कि आगामी समयको विषयमा तपाईं जति सोच्नुहुन्छ, त्यसले तपाईंलाई बूढोबाहेक अरू केही बनाउन सक्दैन।

कोलेरिजले भनेका छन्– यो दुनियाँ बच्चाविना कति शून्य र वृद्धवृद्धाविना कति अमानवीय हुनेछ। रोबर्ट बटलरले आफ्नो पुस्तक 'हवाई सरभाइभ'मा लेखेका छन्– वृद्धावस्थाको दुःख यस कारण होइन कि हामी बूढो हुन्छौं र मृत्यु प्राप्त गर्छौं, बरु यस कारण हुन्छ कि हामी यस प्रक्रियामा अत्यन्त दुःखी, तिरस्कृत र एकाकी हुन्छौं।

वैज्ञानिक विश्लेषणबाट यो सिद्ध भइसकेको छ कि प्रत्येक मिनेटमा मनुष्यका तीन बिलियन कोशिका नष्ट हुन्छन् तथा त्यस ठाउँमा नयाँ कोशिकाले जन्म लिन्छ, त्यसो भए हामी बूढो कसरी भयौं ? हामी त सदैव नयाँ बनिरहेका छौं। यस वैज्ञानिक तथ्यमाथि अवलम्बित विचारधारा हाम्रो जीवनलाई आनन्दतर्फ लैजान सक्छ।

हाम्रो वेददेखि लोकजीवनसम्म आशीर्वादको रूपमा सदैव 'सयौं वर्ष बाँच'– यस्तो भनिन्छ। दीर्घायुष्य पाउनको लागि विश्व स्वास्थ्य सङ्गठनद्वारा हालै जारी एउटा रिपोर्ट 'एजिङ एक्सप्लोडिङ द मिथ'मा केही यस्ता उपाय बताइएका छन्, जसबाट भावी पीढीमा शीघ्र वृद्धावस्था नआओस् तथा जब वृद्धावस्था आउँछ, तब एउटा आनन्दमयी अनुभूति होस् । पुरुष एवं स्त्री दुवैको लागि समानरूपले उपादेय तथा उपाय केही यस प्रकार छन्–

१) नवयुवतीहरूले सन्तुलित आहार ग्रहण गर्नुपर्छ। विशेषरूपले गर्भावस्थाको समयमा उनीहरूले आहारमा सन्तुलन राख्नुपर्छ, २) शिशुका आमाले दूध कमसेकम चार माससम्म अवश्य पिलाउनुपर्छ, ३) धूमपान गर्नुहुँदैन, ४) प्रतिदिन व्यायाम गर्नुपर्छ, ५) भोजनमा फाइबरको मात्रा बढी तथा चिल्लो र नूनको मात्रा कम राख्नुपर्छ, ६) वजन नियन्त्रणमा राख्नुपर्छ, ७) परिवार–समुदाय, क्लब र धार्मिक संस्था आदिसँग जोडिएर बस्नुपर्छ र ८) भविष्यको आर्थिक सुरक्षाको दृष्टिले बचत सुनिश्चित गर्नुपर्छ।

अमेरिकाका कृषि, स्वास्थ्य एवं मानवीय विज्ञानले वृद्धवृद्धाको लागि एउटा भोजन–पिरामिड तयार गरेको छ, जसमा प्रतिदिन आठ गिलास पानी, पाँचवटा पाउरोटी, तीन प्रकारका तरकारी, दुईपटक फल, तीनपटक दूध, दही, पनीर, दुईपटक गेंडागुडी आदि पुष्ट खाद्यको सरविंगको बारेमा सल्लाह दिइएको छ। साथै तेल, घ्यू, मिठाइ आदि निकै कम खाने र ७० वर्षपछि क्याल्सियम, भिटामिन डी एवं भिटामिन बी १२ को खुराक लिन भनिएको छ।

प्लेटोले भनेका थिए– वृद्धावस्थासँग डराऊ किनभने त्यो कहिल्यै एक्लै आउँदैन। यो एउटा सत्य हो, जसलाई अस्वीकार गर्न सकिँदैन तर वृद्धावस्थालाई आनन्दमय एवं उत्साहवर्धक बनाउनेबारे विभिन्न दार्शनिकका विचार एवं वैज्ञानिक शोधमाथि आधारित निम्न लिखित सात व्यावहारिक चरण विचारणीय छन्, जसबाट वृद्धावस्थाको स्वरूप बदलिन सकिन्छ–

**(१) वास्तविकतालाई स्वीकारौं–** ६० वर्षको आयुमा तपाईं १६ वर्षको हुन सक्नुहुन्न। सेवानिवृत्ति, वृद्धावस्था, रोग एवं मृत्यु अवश्यम्भावी छ । जीवनका पूर्वनिर्धारित उद्देश्य यदि हामीले पूरा गरेका छौं र तापनि हामी जीवित छौं भने यसको आशय यो हो कि हामीले अहिले पनि धेरै कुरा गर्न बाँकी छ।

रोबर्ट फ्रोस्टले भनेका छन्– माइल्स टु गो बिफोर आई स्लीप। बाल्यकाल एवं युवास्थामा जुन प्रकारको वातावरणमा हामी रहेका थियौं तथा वृद्धावस्थामा जुन वातावरणमा बाँच्नु छ, यी दुवैमा ठूलो अन्तर हुनु स्वाभाविक हो । वृद्धावस्थामा एक्लै बस्नु हाम्रो आवश्यकता वा बाध्यता हुन्छ । एकान्तबासको प्रबन्धन नगर्दा हृदयको शक्ति नष्ट हुन्छ एवं यो अप्रबन्धनले स्वास्थ्यलाई प्रभावित गर्छ, यसैले समाजको सेवा गरौं, रुचि बढाऔं र स्वयम्लाई अधिकतम व्यस्त राखौं।

एकपटक एकजना चिकित्सकले आफ्ना वृद्ध साथीलाई यो सल्लाह दिए कि यदि तपाईं ७० वर्षको आयुपछि विना कुनै पीडा उठ्नुहुन्छ भने यसको तात्पर्य यो हो कि तपाईं जीवित हुनुहुन्छ। भ्वाइस अफ अमेरिकाले एउटा वैज्ञानिक शोधको आधारमा यस्ता ससाना पीडाको लागि एउटा सरल उपाय बताएको छ– हाइ काढ–राहत पाउँछौं। तर स्थायी राहत त वास्तविकतालाई स्वीकार गर्नुबाट प्राप्त हुन्छ।

**(२) राम्रो खेलाडी बन–** प्रकृति अति बलवान् छ र वृद्धावस्था प्रकृतिको देन हो । जीत प्रकृतिको नै हुनेछ । जर्मन लेखक विस्चर दोरनले भनेका छन्– एउटा राम्रो खेलाडीले आफ्नो हार एवं जीतलाई समानरूपले अपनाउँछ, अतः एउटा राम्रो खेलाडीको प्रवृत्ति अपनाउनुपर्छ।

एउटा कमजोर खेलाडी हारलाई स्वीकार्न सक्दैन र राम्रो खेलाडी हारेर पनि जित्छ।

**(३) लचिलोपन अपनाऔं–** लचिलोपनमा विनम्रता निहित हुन्छ । जीवनमा जुन वस्तु लचिलो हुन्छ, त्यो धाराको प्रवाहको साथ बग्न सक्छ तथा सधैं विकसित हुन्छ। यो तथ्य प्रकृतिको सबै वस्तुमा दृष्टिगोचर छ। लहलहाउँदो घाँस हुरीआँधी थामिएपछि तुरुन्त आफ्नो पुरानो स्थितिमा फर्किन्छ, जबकि ठूलठूला रूखहरू धराशयी हुन्छन्।

चिनियाँ भनाइ छ– वृद्धावस्थामा शीघ्रता त्यति बेला गर, जब तपाईंलाई यस्तो प्रतीत हुन्छ कि तपाईंको हात कुनै सिंहको मुखमा छ, अन्यथा सरल प्रवाहबाट आफ्नो जीवन व्यतीत गर।

**(४) यात्राको तयारी–** वृद्धावस्था यात्राको सर्वोत्तम र अन्तिम अध्याय हो, अतएव यसको लागि पहिलेदेखि नै तयारी गर्नुपर्छ । विचारकको भनाइ छ, १७ वर्षको उमेरदेखि नै ७० वर्षको आयुको लागि तयारी गर्नुपर्छ। वृद्धावस्थामा फल खानको लागि युवावस्थामा रूख रोप्नुपर्छ। जीवनको अनुभव एवं कठोर परिश्रमलाई लक्षित गर्नेहरू बूढो अनुहारमा सेता कपालका गरिमाले मन्दिरको प्रकाशमान शुभ्र ज्योतिको प्रतिरूप स्मरण गराउँछ र भावी पीढीको मार्गप्रशस्त गर्दै सदैव यो स्वीकार गर्छ– बेस्ट इज यट टू बी।

**(५) दार्शनिक विचारधारा अपनाऔं–** वृद्धावस्थामा यस्ता थुप्रै घटना घटित हुन्छन्, जुन व्यक्तिको परिस्थिति, पूर्वयोजना वा इच्छा अनुरूप हुँदैन। यस्तो अवस्थामा समायोजन गर्नको लागि दार्शनिक विचारधारा निकै सहायक सिद्ध हुन्छ । एकपटक सुकरात र उनकी पत्नीबीच विवाद भयो, केही समयपछि जब उनी आफ्नो शिष्यसँगै घरबाट निस्किंदै थिए, तब उनकी पत्नीले उनीमाथि हिलोको बाल्टिन खन्याइन् । तब सुकरातले आफ्नो शिष्यतर्फ मुस्कुराउँदै भने– पहिले त यो बादल मात्र गर्जिन्थ्यो, अब बर्सिन पनि थाल्यो। दार्शनिक चिन्तनको क्षेत्रमा भारत विश्वको सबैभन्दा समृद्ध देश हो। यहाँको आश्रम–व्यवस्थाको अनुशासक शास्त्र आयुको चतुर्थ चरणको एकमात्र दार्शनिक दृष्टिकोणको नै शरणापन्न हुने कुरा गर्छ र यो सर्वथा उचित पनि छ।

**(६) कम सामान बढी आराम–** वृद्धावस्थामा बढी सामानका साथ कठिनाइको सङ्ख्या पनि बढ्छ– १) धेरै मेहनत गरेर पाउनु, २) सुरक्षित राख्ने चिन्ता, ३) त्यसलाई राख्दा मोह उत्पन्न हुने तथा निर्भरतामा वृद्धि हुनु, ४) सामान खराब वा हराउने दुःख, ५) जुन सामान हामीले राख्दैछौं, त्यसबाट अरूलाई वञ्चित गर्ने । वानप्रस्थ वा संन्यास–आश्रम होस् अथवा कुनै शहरको फ्ल्याटमा जीवन व्यतीत गरिरहेको होस्, कमसेकम सामान हुनु यस अवस्थाको अनिवार्य आवश्यकता हो।

मनुस्मृति आदि धर्मग्रन्थमा वर्णित एउटा तथ्यपूर्ण कथनलाई महात्मा गाँधीले प्रायः दोहोऱ्याउँथे, यस संसारमा हरेक व्यक्तिको लागि जति चाहिन्छ, त्यत्तिकै उपलब्ध छ, तर लोभी व्यक्तिको लागि ती सबै अपर्याप्त हुन्छ।

**(७) दिने प्रवृत्ति–** वृद्धावस्था सदैव केही न केही दिनको लागि नै हुन्छ । प्रकृतिको नियम हो कि हामी जति दिन्छौं, त्यसभन्दा बढी हामीले प्राप्त पनि गर्छौं। जब दिने कुरा आउँछ, तब हाम्रो मनमा सबैभन्दा पहिले धन–सम्पत्ति दिने कुरा नै आउँछ । तर यो त सबैभन्दा तल्लो क्रमको कुरा हो। हामी प्रार्थना, आशीर्वाद, मुस्कान, फलफूल, ज्ञान आदि धेरै थोक भावी पीढीलाई दिन सक्छौं। यस प्रकार हामी आफ्नो स्वयम्को उदाहरण प्रस्तुत गरी समाजलाई नयाँ दिशा प्रदान गर्न सक्छौं । तपाईं आफ्नो कीर्तिमानलाई एउटा लामो समयसम्म कायम राख्न सक्दैनौं। तपाईंले जीवनपर्यन्त नयाँ–नयाँ अनुभव एवं उदाहरण प्रस्तुत गर्नुपर्छ तथा सर्वोत्कृष्ट कार्य गरिरहनुपर्छ । महात्मा

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले पोल्यान्डमा थप ३,००० सैनिक पठाएको पुष्टि

वाशिङ्टन, २९ माघ/एएनआई/स्पुतनिक

अमेरिकी रक्षामन्त्री लोयड अस्टिनले पोल्यान्डमा थप ३,००० सैनिक पठाउन



तस्वीरः एएफपी

आदेश दिएको पेन्टागनले पुष्टि गरेको छ।

ह्वाइट हाउसको ब्रिफिङमा अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले रूसले युक्रेनमा कुनै पनि समय आक्रमण गर्न सक्छ, जारी ओलम्पिकको बीचमा पनि सम्भवतः हवाई आक्रमणबाट शुरू हुनेछ।

मस्कोले बारम्बार युक्रेनमाथि हमला गर्ने आफ्नो कुनै मनसाय नभएको कुरा बताउँदै आएको छ। राष्ट्रपतिको निर्देशनमा अस्टिनले आज फोर्ट ब्राग, एनसीमा रहेको ८२औं एयरबोर्न इन्फेन्ट्री ब्रिगेड कम्ब्याट टोलीका बाँकी ३,००० सिपाहीलाई पोल्यान्ड पठाउन आदेश दिएको एक प्रवक्ताले शुक्रवार स्पुतनिकलाई इमेल गरेको विज्ञप्तिमा उल्लेख छ।

सेना अर्को दुई दिनमा फोर्ट ब्रागबाट प्रस्थान गर्नेछ। अर्को हप्ताको शुरूमा खटाइएको स्थानमा पुग्ने अपेक्षा गरिएको छ।

एयरबोर्न सिपाहीको यो दोस्रो समूह पोल्यान्डमा जाँदै छ। यसअघि एक हजार ७०० सिपाहीसँग सम्मिलित हुनेछन्। अस्टिनले जर्मनीमा अर्डर गरेको १८औं एयरबोर्न कोर्प्स मुख्यालय ३०० सदस्य पनि देशमा आइपुगेका छन्।

पाँच हजार अतिरिक्त मोबाइल र फ्लेग्जिबल कर्मचारी तैनाथ गरेर पेन्टागनले नेटो सहयोगीलाई गठबन्धनको पूर्वी भागविरुद्ध सम्भावित आक्रमणलाई रोक्नको लागि आफ्नो प्रतिबद्धतामा आश्वस्त पार्छ, विज्ञप्तिमा थपिएको छ।

यसैबीच रूसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जाखारोभाले शुक्रवार अमेरिकी निर्णयमाथि टिप्पणी गर्दै ह्वाइट हाउसको उन्माद पहिलेभन्दा बढी भएको सङ्केत देखिएको बताइन्। रासस

## क्यानडाका प्रधानमन्त्री ट्रुडोद्वारा प्रदर्शनकारीलाई घर फर्कन आग्रह

क्यानडा, २९ माघ/एएनआई/सिन्ह्वा

क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले शुक्रवार सबै प्रदर्शनकारीलाई घर जान आग्रह गर्दै सबै कुरा वार्ताको टेबलमा हुन्छ भनेका छन्।

यो गैरकानूनी गतिविधि समाप्त हुनुपर्छ, र यो अन्त्य हुनेछ, ट्रुडोले भने। हामी आशा गर्छौं कि यी मानिसले घर जाने निर्णय गर्नेछन्। अन्यथा त्यहाँ सुरक्षा व्यवस्था थप कडा पारिनेछ।

ओटावा, विन्डसर र अन्य ठाउँमा भएका नाकाबन्दीका पछाडि प्रदर्शनकारीविरुद्ध कारबाही गर्ने प्रहरी र सबै तहका सरकारको तयारी भइरहेको ट्रुडोले बताएका छन्।

सङ्घीय, प्रान्तीय र नगरपालिकाका अधिकारी हालैका दिनमा स्पष्ट छन्, नाकाबन्दी र काफिलाका गतिविधिप्रति। ती अवैध र गैरकानूनी गतिविधि अन्त्य हुनुपर्छ, उनले



भने।

उनले भने, सङ्घीय सरकारले अर्थतन्त्रलाई बन्धक बनाउने र राष्ट्रको राजधानीमा जीवनलाई ठप्प पार्ने कार्यक्रमलाई अब सहनेछैन।

## म्यानमाको सैनिक सरकारको एक वर्ष, ८०० भन्दा बढी कैदी रिहा

याङ्गोन, २९ माघ/एएफपी

म्यानमाको सैनिक (जुन्टा) सरकारले सत्ता सम्हालेको एक बर्ष पूरा भएको



तस्वीरः एएफपी

छ। सरकारले ८०० भन्दा बढी कैदीबन्दीलाई शनिवार आममाफीको घोषणा गरेको छ। म्यानमाले देशको सङ्घीय स्वतन्त्रता दिवसको उपलक्ष्यमा आममाफीको घोषणा गरेको हो। म्यानमाको निर्वाचित सरकारलाई अपदस्थ गरेको वर्ष दिन पुग्दा सैनिक प्रशासनले राजधानीमा परेडका साथै विशाल प्रदर्शन गरेको छ।

संयुक्त राष्ट्रसङ्घको मानव अधिकार कार्यालयका अनुसार गत वर्षको सैन्य 'कू'देखि नै म्यानमामा ठूलो समूहले सरकारविरोधी प्रदर्शन गर्दै आएको छ। देशभर आमविरोध प्रदर्शन र त्यसपछिको सैन्य दमनमा एक हजार ५०० भन्दा बढी नागरिकको ज्यान गएको छ।

जुन्ता प्रमुख मिन आङ हलिङले ८१४ कैदीहरूका लागि माफी आदेश जारी गरेको राज्य सञ्चालित सञ्चारमाध्यमले ७५औं सङ्घीय स्वतन्त्रता दिवसका अवसरमा अधिकारीहरूलाई उद्धृत गर्दै उल्लेख गरेका छन्। यस्तै, सात विदेशी पनि रिहा भएका छन्। जुन्ता प्रवक्ता जाउ मिन टुनले एएफपीसँग भने, म्यानमाकी प्रजातान्त्रिक नेत्री आङ सान सुकी र विभिन्न जातीय समूहहरूबीच बेलायती शासनबाट स्वतन्त्र बर्मा सङ्घ गठन गर्ने सम्झौताको सम्झनामा म्यानमाले एक दिन वार्षिक बिदा दिने र स्वतन्त्रता दिवस मनाउने गर्दछ।

सरकारले स्वतन्त्रता दिवसमा एक वर्षभन्दा बढी समयदेखि थुनामा रहेका अर्थशास्त्रका प्राध्यापक एवं नेत्री आङ सान सुचीको सल्लाहकारको रूपमा काम गरिरहेका अस्ट्रेलियाली शिक्षाविद् शन टर्नेललाई रिहा गर्नेछ वा थुनामा नै राख्नेछ भन्नेबारे उनले खुलाएनन्। गत फेब्रुअरीमा सैनिक सरकारले उनलाई पदबाट हटाएको केही दिनपछि उनी पक्राउ परेका थिए।

म्यानमाको आधिकारिक गोप्य कानून उल्लङ्घन गरेको अभियोग उनीमाथि लगाइएको छ र दोषी प्रमाणित भएमा उनलाई अधिकतम १४ वर्षको जेलसजाय दिन सक्ने कानूनी प्रावधान छ। प्रियजनहरूसँग पुनर्मिलन हुने आशामा शनिवार बिहान याङ्गोनको इनसिन जेलबाहिर लगभग १०० जना मानिस भेला भएका एएफपी संवाददाताहरूले बताएका छन्।

यसैबीच स्थानीय समयको मध्याह्नतिर चारवटा मिनीबसमा चढी जेलबाट बाहिरिएका थिए। यद्यपि आफन्तसँग पुनर्मिलनको सपना लिंदै जेलसम्म पुगेका मानिसहरूको भीडले उनीहरूलाई तत्काल भेट्न भने पाएनन्। आफन्तहरूले नातेदारहरूको नाम रहेको प्लेकार्ड हल्लाउँदा भित्रका मानिसहरूले आफूहरू त्यहाँ रहेको सङ्केत मात्र गरेका देखिएको थियो। रासस

## चारदेखि १२ वर्षसम्मका बालबालिकालाई छिट्टै खोप लगाइने

काठमाडौं, २९ माघ/रासस

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले विश्व स्वास्थ्य सङ्गठनको



तस्वीरः फाइल

सिफारिश अनुसार चारदेखि १२ वर्षसम्मका बालबालिकालाई छिट्टै कोभिडविरुद्धको खोप लगाइने जनाएका छन्।

रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा मन्त्री पौडेलले कोभिडको तेस्रो लहरका कारण शिक्षा क्षेत्र प्रभावित भएपनि शैक्षिकसत्रमा प्रभाव नपर्ने गरी प्रबन्ध गरिएको बताए। मन्त्री पौडेलले भने, "शैक्षिकसत्र क्षति नहुने गरी एसइईको परीक्षा तालिका सार्वजनिक गरेका छौं। स्थानीय तहको चुनावलगत्तै प्लस टुको परीक्षा गर्छौं। सबै विद्यार्थीलाई खोपको व्यवस्था गरेका छौं।"

उनले आफू मन्त्री भएपछि १८ हजार शिक्षकको पदपूर्ति तथा बढुवाको प्रक्रिया शुरू गरेको, सार्वजनिक शिक्षा सुधारका लागि योजना बनाएको, चर्को शुल्क लिने मेडिकल कलेजलाई सचेत गराएको, त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालय जमलमा निर्माण गर्न लागिएको, त्रिविको परीक्षा प्रणालीमा सुधार गरिएको र शिक्षक अस्पताल चितवनमा निर्माण हुने निश्चित गराइएको बताए।

मन्त्री पौडेलले उच्च शिक्षा, सङ्घीय शिक्षा, प्राविधिक शिक्षा ऐन ल्याउन संसद्को गतिरोध सहज हुनेबित्तिकै छलफलका लागि पठाइने जनाउँदै सबै स्थानीय तहमा प्राविधिक शिक्षा विस्तार र 'पढ्दै कमाउँदै' कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गराउन लागिएको उल्लेख गरे। उनले आगामी आर्थिक वर्षदेखि शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत बजेट विनियोजन गराइने प्रतिबद्धता पनि व्यक्त गरे।

## रौतहटमा फरार अभियुक्त पक्राउ

प्रस, रौतहट, २९ माघ/

रौतहटमा फरार एकजना अभियुक्त पक्राउ परेका छन्।

रौतहट प्रहरीले लामो समयदेखि मानव बेचबिखन तथा ज्यान मार्ने उद्योग मुद्दामा फरार रहेका अभियुक्तलाई पक्राउ गरेको हो।

पक्राउ पर्नेमा रौतहट जिल्लाको यमुनामाई गाउँपालिका-४ सरुअठा बस्ने सुरेन्द्रराय यादव रहेका छन्।

उनीविरुद्ध मानव बेचबिखन तथा ओसारपसार र ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ। अभियुक्तलाई आवश्यक कारबाहीको लागि जिल्ला अदालत गौरसमक्ष पेश गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ।

## नेकपा माओवादी केन्द्र जीतपुरसिमरा उमनपा कमिटी बैठक सम्पन्न

प्रस, जीतपुर, २९ माघ/

नेकपा माओवादी केन्द्रका केन्द्रिय सल्लाहकार उद्धव पोखरेल चित्रको प्रमुख आतिथ्य तथा बारा अध्यक्ष प्रेम बरालको अध्यक्षतामा नेकपा माओवादी केन्द्र जीतपुरसिमरा उपमहानगरपालिका कमिटीको बैठक सम्पन्न भएको छ।

बैठकमा नगर सदस्य एवं वडा इन्चार्जहरूको नाम चयन गरिएको छ।

सो बैठकले २४ वडाका इन्चार्ज तथा नगर सदस्य क्रमशः बेनीप्रसाद तिमिल्सिना, रामचन्द्र अधिकारी, विनिता रेग्मी, भोजबहादुर खत्री, मोहित चौधरी, दिपेन्द्र चौधरी, छन्द पनेरू, हरिकृष्ण केसी, केदार बजगाईं, जयराम




यादव, सुशीला चौधरी, शयमसुन्दर पासवान, कृष्ण ठकुरी, हिरामाया मोक्तान, रहिमुल्लाह छ भने वडा नं ७, ८, १० र ११ को इन्चार्ज छनोट अर्को बैठकले गर्ने निर्णय भएको जिल्ला अध्यक्ष प्रो बरालले प्रतीकलाई बताए।

## एमालेको टोल भेला सम्पन्न

प्रस, बारा, २९ माघ/

जीतपुरसिमरा उपमहानगरपालिका-



तस्वीरः सौजन्य

१४ बेहरियामा शनिवार नेकपा एमालेको टोल भेला सम्पन्न भएको छ।

कार्यक्रमका प्रमुख अतिथि बाराका पूर्वअध्यक्ष तथा प्रदेश कमिटी सदस्य देवनारायण चौधरीले जनताको पक्षमा काम गर्ने पार्टी एमाले भएको दाबी गर्दै एमालेलाई जिताउन आग्रह गरे। महाधिवेशन प्रतिनिधि परिषद् सदस्य मनोज पौडेलले जीतपुरसिमरा उपमहानगर-१४ मा गत स्थानीय निर्वाचनमा एमाले पराजित भएको कारण विकास निर्माणलगायतका काममा जनताले दुःख पाएको भन्दै आगामी निर्वाचनमा एमालेलाई विजयी गराउन आग्रह गरे। प्रदेश कमिटी सदस्य चैन गुरुङले भूमिसम्बन्धी समस्या समाधान गर्ने क्रममा एमाले सरकार विघटन भएको र वर्तमान गठबन्धनको सरकारले भूमि आयोग विघटन गरेको कारण जनताको समस्या समाधान हुन नसकेको बताए।

वडा कमिटी सदस्य यमनाथ ढकालको अध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण तेजनारायण चौधरीले गरेका थिए। भेलाले रामसुरत महतोको अध्यक्षतामा २५ सदस्यीय कमिटी गठन गरेको छ। कमिटीको उपाध्यक्ष कोशी चौधरी, सचिव सन्तोष महतो, उपसचिव अली असगर र राजु महतोलगायतका सदस्यहरू छन्।

### आजको राशिफल

| | |
|---|---|
| मेष — राज्यलाभ | वृष — अतिथिआगमन |
| मिथुन — सुयश | कर्कट — खर्चवृद्धि |
| सिंह — धनलाभ | कन्या — सफललता |
| तुला — राज्यलाभ | वृश्चिक — रोगभय |
| धनु — कडाश्रम | मकर — ज्ञानोदय |
| कुम्भ — भयचिन्ता | मीन — मित्रमिलन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### सुगन्ध............

गाँधीले साठी वर्षको आयुमा दुई सय किलोमिटरको पैदल यात्रा गरेका थिए।

ओल्ड टैस्टामेन्टमा लेखिएको छ, हृदयको प्रसन्नता नै मानवीय जीवन हो तथा आनन्दले नै उसलाई दीर्घायू बनाउँछ र आनन्द त सदैव दिनुमा नै छ।

वृद्धावस्थामा मृत्युको भय हुनु स्वाभाविक हो। यो भय केवल ज्ञानको प्रकाशबाट नै टाढा गर्न सकिन्छ। मृत्यु एउटा पूर्णविराम नभएर अर्धविराम हो। यो एउटा क्षितिज हो र क्षितिज त आफ्नै दृष्टिमा सीमा हुन्छ। के तपाईंले यस्तो फूल देखनुभएको छ, जुन कहिल्यै ओइलाउँदैन ? यो फूल आफ्नो वृद्धावस्थामा अर्थात् ओइलाउने समय हावाका स्याँठको साथ मनमोहक नृत्य गरिरहन्छ, पुतलीसँग खेलिरहन्छ र यस सम्पूर्ण अवधिमा त्यो आफ्नो सुगन्ध वातावरणमा चारैतिर छरिरहन्छ। के यो प्रकृति हाम्रोलागि एउटा प्रेरणादायक सन्देश होइन ?

मान्छे यदि जीवनको यस शैलीलाई जिउन थाल्छ भने उसले यो भन्नुपर्दैन- काश ! मलाई थाहा हुन्थ्यो कि म यति बढी समयसम्म बाँच्छु, तब आफ्नो स्वास्थ्य एवं विचारको पनि ध्यान राख्थे।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका



**बेलिब्रिज भाँचियो** : संखुवासभाको मकालु गाउँपालिका वडा नं ५ को नुम र वडा नं १ को वालुङ जोड्ने बेलिब्रिज भाँचिएको छ । शनिवार निर्माण सामग्री बोकेको लोवेट तार्ने क्रममा भाँचिएको हो । तस्वीरः रासस

# खेलकुदको संसार

## नेपाल युएईसँग पराजित

काठमाडौं, २९ माघ/रासस

चार देशीय टी–ट्वान्टी क्रिकेट सिरिज अन्तर्गतको दोस्रो खेलमा नेपाल संयुक्त अरब इमिरेट्स (युएई)सँग पराजित भएको छ ।



ओमानको अल अमेरात क्रिकेट मैदानमा शनिवार भएको खेलमा नेपाल युएईसँग २५ रनले पराजित भएको हो । १९३ रनको विशाल लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै १६७ रनमा समेटियो । नेपालका लागि दीपेन्द्र सिंह ऐरीले सर्वाधिक ४१ रनको योगदान दिए । ३३ बल खेलेका उनले पाँच चौकाको मदतमा ४१ रन जोडेका थिए ।

त्यस्तै, लोकेश बमले २१ बलमा ३३ रन जोडे । उनले दुई चौका र दुई छक्का प्रहार गरे । आशिफ शेखले २९ बलमा ३४ रन बनाए । उनले चार चौका र एक छक्का प्रहार गरे । ज्ञानेन्द्र मल्लले १९ बलमा २२ रन बनाउँदा दुई चौका र एक छक्का हिर्काए । आरिफ शेखले ११ रन र शरद भेषवाकरले १० रन जोडे ।

युएईका रोहन मुस्तफा र कासिफ दाउदले समान दुई/दुई विकेट लिए भने जुनैद सिद्धिकीले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित २० ओभरमा तीन विकेट गुमाउँदै १९२ रन जोड्यो । युएईका लागि चिराग सुरीले अविजित सर्वाधिक ८४ रनको योगदान गरे । उनले पाँच चौका र पाँच छक्का प्रहार गरे । रोहन मुस्ताफाले ३५ बलमा ४९ रन बनाए । उनले पाँच चौका र दुई छक्का हिर्काए ।

त्यस्तै, मोहमद वासिमले १३ बलमा २२ रन जोडे । उनले एक चौका र दुई छक्का प्रहार गरे । मोहमद बुटाले १४ रन बनाए । नेपालका लागि कप्तान सन्दीप लामिछाने, आरिफ शेख र साहाब आलमले एक/एक विकेट लिए । नेपालले हिजो भएको पहिलो खेलमा ओमानलाई छ विकेटले पराजित गरेको थियो । नेपालले चार देश सम्मिलित टी–ट्वान्टी सिरिजमा अन्तिम खेल फागुन २ गते आयरल्यान्डसँग खेल्नेछ ।

## लोसपाको वीरगंज–६ मा भेला सम्पन्न

प्रस, वीरगंज, २९ माघ/

लोकतान्त्रिक समाजवादी पार्टीको वीरगंज महानगरको वडा नं ६ को महावीर स्थानमा भेला सम्पन्न भएको छ ।

महानगर अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको कार्यक्रमको प्रदेशसभा सदस्य रमेशप्रसाद कुर्मीले उद्घाटन गरेका थिए ।

कार्यक्रममा जिल्ला अध्यक्ष पुरुषोत्तमलाल झा, जसपाका नेताहरू रम्भा मिश्र, सुरेन्द्र कुर्मी, राजनारायण मिश्र, रतन सर्राफ, प्रेम क्याल, प्रकाश अग्रवाल, शेख फिरोज, सञ्जय पटेल, राहुल सर्राफ, वीरेन्द्र साह, महम्मद असलम, दीलिप गुप्ता, अञ्जना गुप्तालगायतले मन्तव्य व्यक्त गरेका थिए । भेलाले राजु दारूकाको अध्यक्षतामा ३१ सदस्यीय वडा एकाइ कमिटी गठन गरेको छ ।


**चीसो मौसममा देखिने मुटुलगायत स्वास्थ्य समस्याबाट बच्न**

- चीसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- रुघाखोकी लाग्नबाट बचौं,
- चिल्लो तथा बोसोयुक्त खानेकुरा नखाऔं,
- शारीरिक व्यायामलाई निरन्तरता दिऔं,
- हृदयरोग, मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले स्वास्थ्य परीक्षण गरौं,

जाडोको जोखिमबाट आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## मौलापुर मधानी महायज्ञ २०७८ : पूर्वप्रम ओली, महानायक राजेश हमाल र खेसारीलाल यादव आउँदै

प्रस, गरुडा, २९ माघ/

रौतहटको मौलापुर नगरपालिकाको आयोजनामा तेस्रो मधानी महायज्ञ २०७८ फागुन १७ मा हुने भएको छ । मौलापुर नगरपालिका–५ पतौरास्थित पुरातात्त्विक महादेव मन्दिर परिसरमा हुने मधानी महोत्सवमा नेकपा एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपीशर्मा ओली, नेपाली सिनेमाका महानायक राजेश हमाल र भोजपुरी सिनेमाका चर्चित नायक तथा गायक खेसारीलाल यादव आउने निश्चित भएको मौलापुर नगरपालिकाकी प्रमुख रीनाकुमारी साहले बताइन् ।



तस्वीरः प्रतीक

नगरपालिकाद्वारा पुरातात्त्विक महादेव मन्दिर परिसरमा शनिवार आयोजित पत्रकार सम्मेलनमा बोल्दै नगरप्रमुख साहले देश र विदेशमा चर्चित बन्दै गएको पुरातात्त्विक महादेव र मधानी महोत्सवको तेस्रो संस्करण विशिष्ट हुने भएकोले सबैलाई सहयोगको लागि आग्रह गरेकी छन् ।

नेपाल सरकारको १०० महत्त्वपूर्ण पर्यटकीय गन्तव्यमा परिसकेको पुरातात्त्विक महादेव स्थानमा आयोजित पहिलो मधानी महोत्सव–२०७६ मा सम्मानीय राष्ट्रपति विद्यादेवी भण्डारीको पनि सहभागिता थियो । हरेक वर्ष नेपाली तथा भोजपुरी विशिष्ट कलाकारहरूको उपस्थितिमा हुने गरेको मधानी महायज्ञमा नेपालका वरिष्ठ नेता तथा नेपाली र भोजपुरी सिनेमाका चर्चित कलाकारहरूको सहभागिता रहने बताइएको छ ।

करीब डेढ दशकअघि खासै चर्चामा नरहेको पतौरास्थित पुरातात्त्विक महादेवस्थललाई पर्यटकीयस्थल बनाउन प्रभु साहको ठूलो भूमिका रहेको छ । मौलापुर नगरपालिका गठन भएपछि नगरपालिकाले एउटा विशिष्ट उत्सवको रूपमा मधानी महोत्सव मनाउन थालेको छ । मधानी महोत्सवको बारेमा पनि बिस्तारै देश र विदेशमा चर्चा हुन थालेको छ । बोलबम कामरनाथुले गर्ने भगवान् शिवको विवाहको विशेष यज्ञहरूको उत्सव नै मधानी हो । मधानीमा कामरनाथुहरूले सम्पूर्ण यज्ञ गर्ने गर्दछन् । मुख्यतः बारा जिल्लाको पूर्वी भाग र रौतहटदेखि सर्लाहीको पश्चिमी भागसम्म प्रचलनमा रहेको मधानी महायज्ञ यस क्षेत्रको भौगोलिक विशिष्टताको पर्वको रूपमा रहेको छ । मौलापुर नगरपालिकाले मधानी महोत्सवको प्रवर्द्धन गरेको छ ।

मधानी महोत्सवको अवसरमा मौलापुर स्मार्टसिटीको भूमिपूजन, अष्टयाम यज्ञ, शिवचर्चाका साथै नेपाली र भारतीय चर्चित कलाकारहरूको सांस्कृतिक प्रस्तुति रहने मौलापुर नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले बताए ।

मधानी महोत्सवमा लाग्ने मेलामा सबै किसिमका पसल, व्यवसाय, खेलतमाशाका आयोजकहरूबाट कुनै किसिमको कर नलिइने भएकोले व्यापारीहरूको पनि आकर्षण बढेको छ ।

पुरातात्त्विक महादेव मन्दिरका पुजारी मोसाफिर साहले फर्निचर मेला लगाउनको लागि फर्निचर व्यवसायीहरूले जग्गा र सुरक्षाको माग गरिरहेको बताएपछि निमित्त प्रमुख प्रशासकीय अधिकृत साहले आवश्यकता अनुसार जमीन र सुरक्षा नगरपालिकाले उपलब्ध गराउने बताएका छन् ।

मधानी महायज्ञमा नेपाल र भारतका करीब एक सय साधुसन्तहरूको सहभागिता रहने पुजारी साहको भनाइ छ । पत्रकार सम्मेलनमा नगर उपप्रमुख गौरीशङ्कर साह, नगर शिक्षा शाखा प्रमुख चन्देश्वर साह, बाराको सिम्रौनगढ नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत ओमप्रकाश साह, नेकपा एमाले रौतहट अध्यक्ष त्रिभुवन साहसहित विभिन्न वडाका अध्यक्ष, नगरपालिकाका कर्मचारी तथा सर्वसाधारणको सहभागिता थियो ।

मधानी महोत्सव–२०७८ को लागि पुरातात्त्विक महादेव मन्दिरलाई सजाउने काम शुरू भइसकेको देखिएको छ ।

## नेकपा एकीकृत समाजवादीको कमिटी गठन

प्रस, सेढवा, २९ माघ/

पर्साको जीराभवानी गाउँपालिकामा



तस्वीरः प्रतीक

नेकपा एकीकृत समाजवादी पार्टीको पालिकास्तरीय कमिटी गठन भएको छ। शनिवार नेकपा एकीकृत समाजवादी पार्टीको जीराभवानी गाउँपालिकाको प्रथम भेलाले भोला महतोको अध्यक्षतामा ३५ सदस्यीय कमिटी गठन भएको छ। नेकपा एसका पोलिटब्यूरो सदस्य एवं संविधानसभा सदस्य पर्सा इन्चार्ज रामचन्द्र साहको प्रमुख आतिथ्यमा सम्पन्न भएको भेलामा पार्टीका पोलिटब्यूरो सदस्य एवं वीरगंज महानगर इन्चार्ज चिरञ्जीवी आचार्य, जिल्ला अध्यक्ष बालगोपाल थापा, वीरगंज महानगर अध्यक्ष मनोज चौधरी, युवा सङ्घ नेपाल केन्द्रीय सचिवालय सदस्य एवं पर्सा इन्चार्ज अनिल पटेल, पर्सागढी नगरपालिका अध्यक्ष सत्यनारायण दास थारू, जिल्ला उपाध्यक्ष गङ्गा खड्कालगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको सञ्चालन रामेश्वर महतोले गरेका थिए ।

भेलालाई सम्बोधन गर्दै नेताहरूले गाउँगाउँबाट जाग्नुपर्ने तथा प्रतिगामी शक्तिलाई स्थानीय तहको निर्वाचनमा हराउनुपर्नेमा जोड दिएका थिए ।

## नेकपा एमालेको पकहामैनपुरमा बैठक सम्पन्न

प्रस, वीरगंज, २९ माघ/

नेकपा एमाले, पकहामैनपुरमा गाउँपालिकास्तरीय बैठक सम्पन्न भएको छ ।

गापा अध्यक्ष अखिलेश साहको अध्यक्षतामा भएको बैठकको उद्घाटन नेपाल पिछडावर्ग महासङ्घका अध्यक्ष तेजप्रकाश निषाद्ले गरेका थिए ।

कार्यक्रममा जिल्ला सदस्य धामु शर्मा, ओबिसीका केन्द्रीय सदस्य राजेश सहनी, सहसचिव रामरूप पटेल, मनोज चौरसिया, वडा कमिटीका अध्यक्ष रामबाबूप्रसाद चौरसिया, मोटरकङ्कर उमेश सहनी, लाजिम मियाँ दर्जी, सुकेश पटेल, जालिम मियाँलगायतको सहभागिता थियो ।